नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
जाजरकोट

फोन नं. : ०८९-४३०१३३
०८९-४३०१३०
Email : jajarkotdao62@gmail.com
website:www.daojajarkot.moha.gov.np

प.सं. २०८०/०८१
च.नं. ३६६१

मितिः- २०८०/१२/१२
ने.सं. ११४४ चिल्लाथ्व, १५ सोमबार

विषयः-भूकम्प पिडितबाट रकम असुल भएको भन्ने सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
जाजरकोट।

उपर्युक्त सम्बन्धमा यस जिल्लामा मिति २०८०/०७/१७ गतेको भूकम्पबाट निजी घर/आवास क्षति भई प्रभावित भएका भूकम्प पिडितहरुका लागि तत्काल अस्थायी आवास निर्माण गर्न "भूकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०" बमोजिम तहाँ स्थानीय तहहरुबाट कायम भएका ४२,५२४ जना लाभग्राहीहरुका लागि अस्थायी आवास अनुदानको प्रथम किस्ता वापतको रकम सम्बन्धित लाभग्राहीलाई प्रदान गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समितिको कोषको खाताबाट तहाँ स्थानीय तहको स्थानीय विपद् व्यवस्थापन कोषमा रकम पठाइएकोमा कार्यविधिले तोकेको विधि र प्रक्रिया बमोजिम तहाँ स्थानीय तहले सो अनुदान सम्बन्धित लाभग्राहीलाई प्रदान गर्ने र अस्थायी आवास निर्माणको कार्यलाई यथाशीघ्र कार्यान्वयन गर्ने गराउने जिम्मेवारी रहेको व्यहोरा अवगत नै छ । सो बमोजिम अनुदान रकम वितरण र अस्थायी आवास निर्माणको कार्य भइरहेको जिल्लाको नलगाड नगरपालिकाको ३ नं. वडा कार्यालयले आफैले निर्णय गरेर अस्थायी आवास अनुदानको दोस्रो किस्ता रकम प्राप्त गर्ने सिफारिसको प्रयोजनार्थ प्रति लाभग्राहीबाट रु. १,०००/- वा सो भन्दा बढि रुपैयाँ सहयोग रकम लिने कार्य गरेको भन्ने कुरा केही सञ्चार माध्यममा सञ्चार प्रकाशित भएको पाइएको तथा सो सम्बन्धमा यस कार्यालयमा विभिन्न गुनासो प्राप्त भएकोले सो विषयप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।भूकम्पबाट सृजना भएको मानविय संकटको विषम परिस्थितिमा पिडित भएका नागरिकका लागि पुनर्लाभिका सेवाहरु प्रदान गर्दा शुल्क/दस्तुर वा अन्य कुनै नगद/जिन्सी सहयोग लिन/माग गर्ने कार्य अमानवीय र गैर कानूनी कार्य हो ।अस्थायी आवास अनुदान रकम वितरण गर्ने सन्दर्भमा पुऱ्याउनु पर्ने विधि र प्रक्रिया कार्यविधिले स्पष्ट रुपमा व्याख्या गरेकै छ ।सो कार्यविधिले गरेको व्यवस्था भन्दा बाहिर गएर कहिँ कतै कुनै व्यक्ति/संस्था वा निकायले अनेक प्रपञ्च रचेर भूकम्प पिडित व्यक्तिहरु/निजी आवासका लाभग्राहीबाट कुनै पनि बाहनामा शुल्क/दस्तुर/रकम असुल गर्ने कार्य नगर्न नगराउन आवश्यक निर्देशन गरिदिनु र असूल गरेको रकम समेत सम्बन्धित व्यक्तिहरुलाई तुरुन्त फिर्ता गराउने व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

३६६१
२०८०/१२/१२

.....................................
हरिश्चन्द्र शर्मा
प्रशासकीय अधिकृत